मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

# मा. अर्थमन्त्री युवराज भट्टराईको
# १०० दिने
# प्रगति विवरण

२०८३/०२/१२ गते सपथ
२०८३/०२/१३ गते पदभार ग्रहण



मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

## १. वित्तीय सुशासन तथा बजेट व्यवस्थापन


**अन्धाधुन्ध रकमान्तरमा रोकः** रकमान्तर तथा थप निकासा ५३.५७% र असारको रकमान्तर ९५.९६% घटाइयो।

**गैरकानुनी निकासामा कडाइः** कानुनविपरीत माग गरिएका १२० फाइल फिर्ता गरी अनावश्यक आर्थिक चलखेल र भिडभाड नियन्त्रण गरियो।

**बजेट प्रविष्टिमा सुधारः** बजेट प्रविष्टि अर्थ मन्त्रालयबाट नभई सम्बन्धित मन्त्रालयबाटै गर्ने व्यवस्था लागू गरियो ।

**पारदर्शी वित्तीय हस्तान्तरणः** स्थानीय तहको अनुदान रातो किताबसँगै हस्तान्तरण गर्ने व्यवस्था गरी स्रोत सुनिश्चितताबिनाका ठेक्का तथा काममा रोक लगाइयो ।

**स्रोत र बजेट व्यवस्थापनः** साउनमै आवश्यक बजेट रोक्का गरी स्रोत उपलब्ध आयोजनाको समयमै कार्यान्वयन र प्रदेश सञ्चित कोषको नियमित जानकारी प्रणाली सुरु गरियो ।



मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

## २. प्रशासनिक सुधार तथा कर्मचारी व्यवस्थापन

दरबन्दी कटौतीमा आफैँबाट सुरुवातः १५% कटौतीको नीतिबीच अर्थ मन्त्रालयले आफ्नै कर्मचारी दरबन्दी ३२% घटायो ।

लेखा कर्मचारीको एकाधिकार अन्त्यः लामो समय एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा गरियो ।

एक कर्मचारी, एक कार्यालय नीतिः एउटै कर्मचारीलाई ३-४ कार्यालयको जिम्मेवारी दिने अभ्यास हटाई एक कर्मचारीलाई एक कार्यालयमा सीमित गरियो ।

सरुवा कार्यान्वयनमा कडाइः सरुवा भएका कर्मचारीलाई ७ दिनभित्र रमाना अनिवार्य, पालना नगरे खाता सञ्चालन अधिकार रोक्ने व्यवस्था गरियो ।

सरुवामा पारदर्शिताः सरुवा भएका कर्मचारीहरूको सूची मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरियो।



मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

## ३. सेवा सुविधा, भत्ता तथा खर्च मितव्ययिता

नयाँ तलबमान स्वीकृतः २०८३ साउनदेखि कर्मचारीको सुरु तलब स्केलमा १०% वृद्धि तथा नयाँ ग्रेड व्यवस्था स्वीकृत ।

कार्यसम्पादनमा आधारित भत्ताः न्यूनतम ७५ अङ्क प्राप्त गर्ने कर्मचारीलाई १०% सम्म प्रोत्साहन भत्ता दिने व्यवस्था ।

ई–हाजिरी अनिवार्यः प्रोत्साहन भत्ताका लागि २०८३ मङ्सिरदेखि E-Attendance अनिवार्य र अनुगमनका लागि परीक्षण इकाईको व्यवस्था ।

खर्चमा मितव्ययिताः फजुल खर्च नियन्त्रण र सरकारी कोषको प्रभावकारी प्रयोगका लागि खर्च मापदण्ड निर्देशिका, २०८३ लागू ।



मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

## ४. बजेट नीति, राजस्व तथा संरचनात्मक सुधार

**टुक्रे योजना र फजुल खर्चमा रोकः** रु.१ करोडभन्दा कमका नयाँ योजना र नयाँ सवारी साधन खरिदमा पूर्ण रोक ।

**योजना सङ्ख्यामा ठूलो कटौतीः** कुल योजना २७,४०४ बाट १५,८०८ मा झारियो, कनिका छर्ने प्रवृत्ति नियन्त्रण ।

**नतिजामुखी बजेटः** बजेटलाई कार्यक्रममुखी मात्र नभई नीति, सुशासन र प्रशासनिक सुधारमुखी बनाइयो ।

**राजस्व प्रणालीमा सुधारः** स्थानीय तहबाट प्राप्त हुनुपर्ने करिब रु. २० करोड राजस्व प्राप्त गर्दै विभिन्न क्षेत्रको राजस्व सङ्कलन र प्रदेश सञ्चित कोषमा दाखिला प्रणाली सुधार गरियो ।

